नेपाली राजदूताबास
*Embassy of Nepal*
Berlin, Germany

# जरूरी सूचना

## COVID-19 को असहज परिस्थितिले गर्दा नेपाल फर्कनु पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूको विवरण संकलन बारे

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७०२१२ को निर्णय अनुसार स्वीकृत *कोभिड-१९ विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश २०७७* बमोजिम कोभिड-१९ को महामारीको परिणामस्वरूप नेपालमा बन्दाबन्दीको कारणले नेपाल फर्कन नपाएका र विभिन्न कारणले छिटटै नेपाल फर्कनु पर्ने वाध्यता भएका नेपाली नागरिकहरूलाई प्राथमिकताका आधारमा नेपाल फर्कने व्यवस्था गर्ने प्रयोजनका लागि **जर्मनी** लगायत यस नियोग सहप्रमाणित भएका मुलुकहरू **पोल्याण्ड, चेक गणतन्त्र, स्लोभाक गणतन्त्र, हंगेरी, रोमानिया, युक्रेन, बुल्गेरिया, होली सी, सर्बिया** मा रहेका नेपाली नागरिकहरूको अद्यावधिक विवरण आवश्यक भएको हुंदा समस्यामा परी नेपाल फर्कनै पर्ने अवस्थाका नेपाली नागरिकहरूले यस राजदूतावासको वेबसाईट https://de.nepalembassy.gov.np/ मा रहेको TRAVEL TO NEPAL FORM (https://de.nepalembassy.gov.np/registration-form-to-return-to-nepal/) भरी यथार्थ र सही विवरण यथाशीघ्र उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ

नेपाल फर्किनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूको यथार्थ संख्या तथा विवरण प्राप्त भए पश्चात सो तथ्यांक र विवरण नेपालमा सम्बद्ध निकायमा पठाईने छ । उपलब्ध तथ्यांक र विवरणका आधारमा नेपालबाट समस्यामा परेका नेपालीहरूलाई नेपाल फिर्ता लैजाने सम्बन्धमा आवश्यक प्राथमिकता निर्धारण गर्न, नेपाल सम्मको यात्रा सुनिश्चित गर्न र नेपाल आगमन पश्चात क्वारेन्टाईन लगायत अन्य व्यवस्थापनलाई थप सुव्यवस्थित गर्न सहज हुने छ।

साथै, यस सम्बन्धमा अन्य व्यवस्था र शर्तहरू देहाय बमोजिम रहेका छन्:

१. फाराम भर्दा आफू तत्काल नेपाल फर्कनु पर्ने कारण विस्तृत रूपमा खुलाउनु हुन ।

२. नेपाल आगमन पश्चात अनिवार्य रूपमा १४ दिनसम्म तोकिएको स्थानमा क्वारेन्टिन बस्नु पर्ने भएकोले विवरण भर्दा होटल क्वारेन्टिनमा बस्ने वा स्थानीय तहले व्यवस्था गरेको क्वारेन्टिनमा बस्ने भन्ने व्यहोरा खुलाउनु हुन ।

३. नेपाल फर्कदा लाग्ने हवाई उडान खर्च र होटल क्वारेन्टिन वा स्थानीय तहले व्यवस्था गरेको क्वारेन्टिनमा बस्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यक्तिले व्यहोर्नु पर्ने ।

४. स्वदेश फर्कने व्यक्तिले उडान गर्नु अगावै कोभिड संक्रमण नभएको स्वास्थ्य परीक्षण भएको प्रमाण साथमा राख्नु पर्ने र उक्त प्रमाणपत्र नेपाल आगमन पश्चात विमानस्थलमा देखाउनु पर्ने ।

५. १४ दिन सम्म क्वारेन्टिनमा बस्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको सुरक्षा प्रोटोकल अनिवार्य रूपमा पालना गर्नु पर्ने ।

६. अन्य व्यवस्था नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०२।१२ को निर्णय अनुसार स्वीकृत *कोभिड-१९ विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकहरूलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश २०७७* मा तोकिए बमोजिम हुनेछ।

थप जानकारी आवश्यक भएमा राजदूतावासमा सम्पर्क गर्नको निमित्त फोन नं.००४९-३०-३४३५-९९२० मा सार्वजनिक विदाको दिन बाहेक अन्य दिनमा बिहान १० बजे देखि दिउंसो १ बजे सम्म सम्पर्क गर्न सकिने छ अथवा berlin@nepalembassy.de मा ईमेल पठाउन सकिनेछ ।

**नेपाली राजदूतावास,**
**बर्लिन, जर्मनी**

मिति: जुन ०२, २०२० (जेष्ठ २०, २०७७)